बडीमालिका नगरपालिकाको आ व २०८३/०८४ को तेस्रो नगरकार्यपालिकाको बैठक

स्थान: कार्यपालिकाको बैठक हल

बिहान:८:०० बजे

आज मिति २०८३ साल भाद्र महिनाको १५ गतेका दिन यस बडीमालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री अमर बहादुर खडकाज्यू को अध्यक्षतामा बसी निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णय गरियो।

| क्र.स | नामथर | पद | कार्यपालिकाको पद | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री अमर बहादुर खडका | नगर प्रमुख | अध्यक्ष | |
| २ | श्री नन्दा कुमारी थापा | नगर उप-प्रमुख | सदस्य | |
| ३ | श्री कृष्ण बहादुर कार्की | १ नं वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री डम्बर बहादुर महत | २ नं वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री डबल बहादुर रोकाया | ३ नं वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री अर्जुन नाथ | ४ नं वडा अध्यक्ष | सदस्य | — |
| ७ | श्री धरमपाल मिजार | ५ नं वडा अध्यक्ष | सदस्य | — |
| ८ | श्री कृष्ण बहादुर खड्का | ६ नं वडा अध्यक्ष | सदस्य | — |
| ९ | श्री धर्मराज पाध्याय | ७ नं वडा अध्यक्ष | सदस्य | — |
| १० | श्री चन्द्र बहादुर थापा | ८ नं वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री सुर्य किरण वि.क | ९ नं वडा अध्यक्ष | सदस्य | |
| १२ | श्री बुदे ल्वार | | सदस्य | |
| १३ | श्री लक्षी वि.क | | सदस्य | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १४ | श्री राजेश वि.क | | सदस्य | Rajesh (signature) |
| १५ | श्री तुलशी गिरी नाथ | | सदस्य | (signature) |
| १६ | श्री निर्मला वि.क | | सदस्य | (signature) |
| १७ | श्री निर्मला बडुवाल | | सदस्य | (signature) |
| १८ | श्री अम्विका वि.क | | सदस्य | (signature) |
| १९ | श्री धना देवी विष्ट | | सदस्य | Dhana (signature) |
| २० | परे बडुवार्ल | का वा वडा अध्यक्ष ६ | सदस्य | (signature) |
| २१ | श्री रंगमल वि.क | नि. प्र.प्र.अ. | सदस्य सचिव | (signature) |
| सि न | अन्य | पद | | दस्तखत |
| २२ | पुष्पराज भट्ट | आधिकृत अठौं | | (signature) |
| २३ | गोपाल चन्द्र भण्डारी | आधिकृत [illegible] | | (signature) |
| २४ | कृष्ण ब. खड्का | सेवा केन्द्र प्रमुख | | (signature) |
| २५ | गोपाल महत | आधिकृत छैठौं | | (signature) |
| २६ | हिरेन्द्र वि.क. | का. स. | | (signature) |
| २७ | गर्वे-चदारा | का. स. | | (signature) |
| | | | | |
| | | | | |

## कार्यपालिका बैठकका प्रस्तावहरु

१. बडीमालिका धार्मिक तथा पर्यटकिय मेला २०८३ को समिक्षा सम्बन्धमा ।

२. धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।

३. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण तथा अत्यावश्यक सेवा प्रवाहको लागि जनशक्ति व्यवस्थापन गर्न पहल गर्ने सम्बन्धमा ।

४. लागत साझेदारीको लागि प्रस्ताव पेस गर्ने सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

## कार्यपालिका बैठकका निर्णयहरुः

**निर्णय नं १:** बाजुरा जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकिय गन्तव्य बडीमालिका, बुढीनन्दा र जाल्पादेवि धार्मिक तथा पर्यटकिय मेला २०८३ को लागि यस नगरपालिकाबाट सरकारी टोलिको नेतृत्व गर्दै जानुभएका पदाधिकारी कर्मचारीहरुबाट मेलाको भ्रमण तथा अवलोकन प्रतिवेदन यस कार्यपालिका समक्ष छलफलका लागि पेस भयो । यस वर्ष उल्लेखित धार्मिक तथा पर्यटकिय क्षेत्रहरुमा विगतको वर्षको तुलनामा देशभरबाट सहभागि भक्तजनहरुको संख्यामा उल्लेखनिय रुपमा वृद्धि भएको देखिन्छ । बडिमालिका नगरपालिका लगायत बाजुरा जिल्लाकै विकासका लागि यि धार्मिक तथा पर्यटकिय गन्तव्यहरुको थप संरक्षण, विकास तथा प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । विद्यमान अवस्थालाई हेर्दा उल्लेखित धार्मिक तथा पर्यटकिय गन्तव्य सम्म सहजरुपमा आवत जावत गर्न सडक पूर्वाधार, खानपान , सुरक्षित आवास, खानेपानी, शौचालय, फोहोरमैलाको दिगो व्यवस्थापन गर्न सके नियमित रुपमा बाजुरा जिल्लामा आन्तरिक तथा बाह्य पर्यटकहरुको आवगनमा उल्लेखनिय वृद्धि हुने देखिन्छ । यसले बडीमालिका नरपालिका तथा बाजुरा जिल्लाकै आर्थिक, सामाजिक ,धार्मिक क्षेत्रको विकासमा उल्लेखनिय योगदान पुग्ने देखिन्छ ।

यस वर्ष देशभरबाट सहभागी भक्तजनहरुलाई सहभागिताको लागि हार्दिक धन्यवाद प्रदान गरिन्छ । साथै भक्तजनहरुको सुरक्षित आवतजावत, आवास, सुरक्षा सञ्चार लगायत व्यवस्थापनका विविध पक्षहरुमा सहयोग गर्ने सूचना तथा प्रविधि मन्त्रालय, सुरक्षा निकाय, नेपाल टेलिकम, नागरिक समाज, नेपाल स्काउट, स्वास्थ्यकर्मि लगायत सरोकारवाला सवैलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गरिन्छ ।

**निर्णय नं २:** बाजुरा जिल्लाको प्रमुख धार्मिक तथा पर्यटकिय गन्तव्य बडीमालिका क्षेत्रमा सूचना तथा सञ्चार सेवाको विस्तारको लागि 4G नेटवर्क विस्तारमा सहयोग पुर्याउने नेपाल, नेपाल सरकारका सूचना तथा सञ्चार मन्त्री माननीय डा. विक्रम तिमिल्सिना, नेपाल टेलिकम केन्द्रिय कार्यालय,नेपाल टेलिकम प्रादेशिक कार्यालय र बाजुरा शाखा लगायत टावर निर्माण कार्यमा खटिने कर्मचारी तथा कामदार सवैलाई विशेष धन्यवाद प्रदान गर्ने ।

निर्णय न ३: बाजुरा जिल्ला, हिमाली शहर आयोजना अन्तर्गत मार्तडीको गौडाडिलदेखि खर्ासम्मको सडक निर्माण तथा विस्तार कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन सडक क्षेत्रमा पर्ने जग्गाको आवश्यक व्यवस्थापन तथा लगत कट्टा कार्य सम्बन्धित जग्गाधनीहरूसँग आवश्यक समन्वय तथा सहजीकरण गरी एक महिनाभित्र सम्पन्न गर्ने।

निर्धारित समयभित्र कुनै प्राविधिक, कानुनी वा अन्य अपरिहार्य कारणले लगत कट्टा कार्य सम्पन्न गर्न नसकिएमा सडक क्षेत्रमा पर्ने सम्वन्धित जग्गाधनीहरूसँग आवश्यक मन्जुरीनामा/सहमति प्राप्त गरी सडक पूर्वाधार निर्माण तथा विस्तार कार्यका लागि आवश्यक वातावरण सिर्जना गर्ने।सडक निर्माण तथा विस्तार कार्यलाई समग्रमै अघि बढाउन स्थानीय तह, सम्बन्धित सरकारी निकाय, जग्गाधनी तथा अन्य सरोकारवाला पक्षबीच आवश्यक समन्वय, सहजीकरण तथा सहकार्य कायम गरी आयोजना कार्यान्वयनमा पूर्ण सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं ४: बडीमालिका नगरपालिका र धनगढी उपमाहानगर पालिकाको लागत साझेदारीमा बडिमालिका धार्मिक तथा पर्यटकिय क्षेत्रको संरक्षण तथा विकासका लागि आवश्यक पूर्वाधार निर्माण गर्न धनगढी उप -महानगरपालिका समक्ष लागत साझेदारिको लागि अनुरोध गर्ने ।

**विविध**

निर्णय नं १: बडीमालिका नगरपालिकाका देहायबमोजिमका व्यक्तिहरुले आर्थिक सहयोगको लागि निवेदन पेस गरेकोले देहायबमोजिम सहयोग गर्ने ।

| सि न | व्यक्तिको नामथर | वडा नं | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमिला कुमारी थापा | ८ | १६०००। | एम्बुलेन्स सहायता |
| २ | जहरे खड्का | ६ | १६०००। | एम्बुलेन्स सहायता |
| ३ | धनबहादुर रोकाया | ३ | १५०००। | एम्बुलेन्स सहायता |

निर्णय नं २ : युरोपियन युनियन र संयुक्त राष्ट्रसंघको सहकार्यमा सामाजिक सुरक्षा नागरिक सञ्जाल र निड्स नेपालको प्राविधिक सहयोगमा यस नगरपालिकाले तयार गरेको हेरचाह प्रोफाइल अनुमोदन गर्ने निर्णय गरियो । साथै हेरचाह प्रोफाइल तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने सम्पूर्ण संस्थाहरुलाई धन्यवाद दिने ।

निर्णय नं ३: बडीमालिका नगरपालिकाको विकासका लागि नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित मन्त्रालयसमक्ष देहायको योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्थापनको लागि अनुरोध गर्ने ।

| सि न | योजना तथा कार्यक्रम | माग गरिएको मन्त्रालय | कैफियत |
|---|---|---|---|
| १ | बडिमालिका चक्रपथ | भौतिक पूर्वाधार मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली । | |
| २ | मार्तडी फुलचढाउना सडक ब न पा ८ | भौतिक पूर्वाधार मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली । | |

CamScanner

| | | | |
|---|---|---|---|
| ३ | मार्तडी बजार क्षेत्रको ढल तथा सडक निर्माण ब न पा ८ र ९ | भौतिक पूर्वाधार मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली । | |
| ४ | जाल्पादेवि मा वि को घेरवार निर्माण योजना र छात्रावास क्रमागत ब न पा १ | सामाजिक विकास मन्त्रालय,सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली । | |
| ५ | नुवाकोट ढल निकास ब न पा १ | भौतिक पूर्वाधार मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली | |
| ६ | सत्यवादि आवासिय विद्यालय भवन वडा नं २ | सामाजिक विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय,सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली । प्रदेश धनगढी, कैलाली । | |
| ७ | रजाली अम्लिस सडक क्रमागत व न पा ३ | भौतिक पूर्वाधार मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली | |
| ८ | माझीगाउ घाघर सडक निर्माण ब न पा २ | भौतिक पूर्वाधार मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली । | |
| ९ | पाथरकोट आ वि विद्यालय भवन तथा खेलमैदान ब न पा ४ | सामाजिक विकास मन्त्रालय,शुदूरपश्चिम प्रदेश धनगढी, कैलाली । | |
| १० | कैलाश मा वि भवन निर्माण ब न पा ६ | सामाजिक विकास मन्त्रालय,शुदूरपश्चिम प्रदेश धनगढी, कैलाली । | |
| ११ | कैलाशेस्वरी मा वि को भवन तथा घेरवार निर्माण ब न पा ५ | सामाजिक विकास मन्त्रालय,शुदूरपश्चिम प्रदेश धनगढी, कैलाली । | |
| १२ | जडङ्गा विरेखोला तटबन्धन व न पा ६ | भौतिक पूर्वाधार मन्त्रालय, सुदूरपश्चिम प्रदेश धनगढी कैलाली | |
| १३ | कोर्ध वडा कार्यालयदेखि फडील्ला सम्म कृषि सडक ब न पा ६ | भौतिक पूर्वाधार मन्त्रालय, शुदूरपश्चिम प्रदेश, धनगढी कैलाली | |
| १४ | कालाजग्रा पर्यटन पार्क क्रमागत ब न पा ७ | भौतिक पूर्वाधार मन्त्रालय, शुदूरपश्चिम प्रदेश, धनगढी कैलाली | |
| १५ | छल्पुन्ना जिल्लि माउलेख सडक ब न पा ७ | भौतिक पूर्वाधार मन्त्रालय, शुदूरपश्चिम प्रदेश, धनगढी कैलाली | |
| १६ | लक्ष्मि मा वि भवन ब न पा ७ | सामाजिक विकास मन्त्रालय,शुदूरपश्चिम प्रदेश धनगढी, कैलाली । | |
| १७ | थुवाकाँध डोलागोठीकाटिउ सडक व न पा ८ क्रमागत | भौतिक पूर्वाधार मन्त्रालय, शुदूरपश्चिम प्रदेश, धनगढी कैलाली | |
| १८ | झराउले रतुडा सडक क्रमागत व न पा ८ | भौतिक पूर्वाधार मन्त्रालय, शुदूरपश्चिम प्रदेश, धनगढी कैलाली | |

CamScanner

| | | | |
|---|---|---|---|
| १९ | मेलकाँध चौराटा सडक व न पा ९ | भौतिक पूर्वाधार मन्त्रालय, शुदूरपश्चिम प्रदेश, धनगढी कैलाली | |
| २० | नडीनी खोलादेखि नहरको खोला हुदै थापावाडा खोलाघर सडक व न पा ८ | भौतिक पूर्वाधार मन्त्रालय, शुदूरपश्चिम प्रदेश, धनगढी कैलाली | |
| २१ | घट्टदोब्ने हुदै बाउली सम्मको सडक व न पा ९ | भौतिक पूर्वाधार मन्त्रालय, शुदूरपश्चिम प्रदेश, धनगढी कैलाली | |
| २२ | मार्तडी खेलकुद मैदान निर्माण वाउली । | सामाजिक विकास मन्त्रालय,शुदूरपश्चिम प्रदेश धनगढी, कैलाली । | |
| २१ | द्वारीका आ.वि भवन निर्माण | सामाजिक विकास मन्त्रालय,शुदूरपश्चिम प्रदेश धनगढी, कैलाली । | |
| २३ | विरेखोला झर्ना पर्यटन पूर्वाधार निर्माण | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय शुदूर पश्चिम प्रदेश धनगढी कैलाली । | |
| २४ | विराल पुन्ने मन्दिर निर्माण व न पा ५ | | |
| २५ | भुमी बैङ्क कृषि उत्पादन कार्यक्रम<br>(भूमि बैंकमा सूचीकृत जग्गा कृषक/कृषक समूहलाई लिजमा उपलब्ध गराउने ।)<br>•जग्गाको प्रकृतिअनुसार फलफूल, तरकारी, अन्नबाली तथा पशुपालन सञ्चालन । | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी कैलाली | |
| २६ | एकिकृत कृषि फार्म स्थापना कार्यक्रम<br>(५–१० जना कृषकलाई समूह बनाएर ठूलो क्षेत्रफलमा सामूहिक खेती ।<br>•पालिकाबाट बीउ, बिरुवा, प्राविधिक सेवा र सिंचाइमा सहयोग ।) | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी कैलाली | |

CamScanner

| | | | |
|---|---|---|---|
| २७ | फलफुल बगैचा विकास कार्यक्रम (स्याउ, ओखर, किवी, नास्पाती, सुन्तला आदि स्थानीय हावापानीअनुसार खेती । •बिरुवा, घेरबार, सिँचाइ र प्राविधिक सहयोग ।) | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी कैलाली | |
| २८ | भुमी वैंक युवा कृषि उद्यम कार्यक्रम (युवालाई भूमि बैंकको जग्गा लिजमा उपलब्ध गराई व्यावसायिक कृषि गर्न प्रोत्साहन। •कृषि औजार तथा प्रारम्भिक पूँजीमा अनुदान/साझेदारी ।) | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी कैलाली | |
| २९ | भुमी बैङ्कमा आधारित कृषि यान्त्रिकरण कार्यक्रम(मिनिटीलर हाते ट्याक्टर घाँस काट्ने मेसिन उपलब्ध ) | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी कैलाली | |
| ३० | लिजमा जग्गा लिएर खेती गर्ने कृषकलाई अनुदान (निश्चित अवधिका लागि भूमि बैंकबाट जग्गा लिएर खेती गर्ने कृषकलाई प्रतिरोपनी/प्रति) | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी कैलाली | |
| ३१ | बाँझो जग्गा सदुपयोग तथा उत्पादनमा आधारित पुरस्कार (लामो समय बाँझो रहेको भूमि उत्पादनमा ल्याउने उत्कृष्ट कृषक/समूहलाई पुरस्कार।) | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी कैलाली | |

CamScanner